स्याङ्जा जिल्ला अदालत
स्याङ्जा
फोन नं. ०६३-४२०१९५
Email: - syangja.dcourt@gmail.cm
(प्रशासन शाखा)

पत्र संख्याः- २०७६/०७७
चलानी नं. 260
मिति २०७६।४।२७

# सूचना ! सूचना !! सूचना !!!

बिषयः- समाजसेवी बाल मनोविज्ञ वा बाल बिशेषज्ञको अद्यावधिक सम्बन्धमा।

प्रस्तुत बिषयमा यस अदालतको बाल इजालसमा समाजसेवी, बालमनोबिज्ञ वा बाल बिशेषज्ञको रुपमा काम गर्न इच्छुक देहायका योग्यता पुगेका बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल बिशेषज्ञको रुपमा सूचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतमा शैक्षिक योग्यता तालिमप्राप्त प्रमाणपत्रको प्रतिलिपि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६२ बमोजिम समाजसेवी बालमनोविज्ञ वा बालबिशेषज्ञको रुपमा सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि साथ निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक शैक्षिक योग्यताः-

- समाजसेवीका लागिः- मान्यता प्राप्त बिश्वबिद्यालयबाट समाजिक कार्य बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त बिश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको वा फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।
- बाल मनोविज्ञ वा बाल बिशेषज्ञको लागिः- मान्यता प्राप्त बिश्वबिद्यालयबाट मनोविज्ञान बिषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त बिश्वविद्यालयबाट कुनै बिषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बालअधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसुरमा अदालतबाट सजाय नपाएको।

२०७६।४।२६

नन्दप्रसाद आचार्य
स्रेस्तेदार
स्रेस्तेदार शा.अ